# आदर्शवाणी

जिब्रो एउटा त्यस्तो छुरी हो, जसले खुन ननिकाली काट्न सक्छ।

## सम्पादकीय

# पत्रकार पाठकविरुद्ध साइवर मुद्दा

पत्रकार दिलभूषण पाठकविरुद्ध प्रहरीले जिल्ला अदालत, काठमाडौंमा साइवर अपराधको मुद्दा दायर गरेको समाचारले सञ्चारजगत्मा असन्तोष छाएको छ । प्रहरीले सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत सोमबार दायर मुद्दामा उनलाई ५ वर्ष कैद र १ लाख रुपैयाँ जरिवाना सजाय मागदाबी गरिएको छ । पत्रकार पाठकले आफ्नो युटुव च्यानल 'टफ टक विथ दिलभूषण पाठक' मार्फत प्रकाशित समाचारले नेपाली काँग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीरको विरुद्ध साइवर अपराध गरेको भनी उक्त मुद्दा दायर गरिएको हो । पाठकले आफ्नो च्यानलमा जयवीरले काठमाडौंको एक होटलमा लगानी गरेको समाचार सम्प्रेषण गरेका थिए । त्यही समाचार विषयलाई साइवर अपराधको कारण बनाएर मुद्दा दायर गरिएको छ ।

मुद्दा केही समय पहिलेको हो । जयवीरले त्यो समाचारलाई साइवर अपराध भनी जाहेरी दिँदा त्यसमा नेपाल पत्रकार महासंघलगायतका सञ्चारजगतका संघसंस्थाहरु, मानव अधिकार आयोगलगायतका संस्थाहरुले त्यो समाचार प्रेस काउन्सिलअन्तर्गत सञ्चार भएको र त्यसलाई साइवर अपराधअन्तर्गत लैजान नहुने भनेपछि केस सिथिल भएको थियो । कतिपय समाचारले कसैको चरित्र हत्या गर्‍यो भने वा त्यो समाचार असत्य भए त्यसको खण्डन गर्न सकिन्छ । खण्डन छपाउन सकिन्छ । त्यसबाट पनि चित्त बुझेन भने प्रेस काउन्सिलमा उजुरी गर्न सकिन्छ । त्यही कारण प्रेस काउन्सिल नेपालको गठन गरिएको हो । सरकारले गठन गरेको काउन्सिलले धेरै मुद्दा फछ्र्यौट पनि गरेको छ । प्रस्तुत समाचार पनि विशुद्ध प्रेस काउन्सिलअन्तर्गतको हो र त्यसलाई काउन्सिलमा सुम्पनु उपयुक्त हुन्छ ।

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले यस्ता धेरै केशको सामना गरेका छन् । केहीले उनको चरित्र हत्या गर्ने किमिसले पनि समाचार बनाएका थिए, तर उनले त्यस्तो केसलाई पनि चौडा हृदय बनाएर सहिष्णुताको उदाहरण देखाएका थिए । ठूला मान्छेका ठूला छोरा जयवीरले पनि नामअनुसार काम देखाएर बिरासतको उदाहरण देखाउने अपेक्षा गरिएको छ । हामी अझ पनि भन्छौं, त्यो समाचारले यदि कुनै किसिमको विवाद निम्त्याउँछ भने त्यो प्रेस काउन्सिलअन्तर्गतकै केस हुन्छ र काउन्सिललाई नै त्यो हेर्न दिनुपर्दछ ।

# सृजनामा विद्यार्थी सम्मान

आदर्श समाज
पोखरा, १७ असार

पोखरा-८, सृजनाचोकस्थित सृजना सेकेण्डरी स्कुलले सोमबार विद्यार्थी सम्मान तथा बधाई कार्यक्रम गरेको छ ।

एसइई-२०८१ मा सम्मिलित भई ४ जिपिएसहित उत्कृष्ट नतिजा प्राप्त गरेर विद्यालयको गरिमा उच्च सफल भएका विद्यार्थीहरूका लागि बधाई तथा सम्मान कार्यक्रम गरी सम्मान गरेको हो ।

प्राचार्य डोलराज पाण्डे र सल्लाहकार कृष्ण घिमिरेले विद्यार्थीहरूलाई खादा, टीका र मायाको चिनो प्रदान गरी सम्मान गरेका हुन् । प्राचार्य पाण्डेले अभिभावक, विद्यार्थी, शिक्षक तथा विद्यालयको संयुक्त प्रयासबाट उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएको भन्दै सम्पूर्णमा आभार व्यक्त गरे ।

विद्यालय निर्देशक सीता पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार कृष्ण घिमिरे, शिक्षक प्रकाश क्षेत्री तथा अभिभावक कुशुम गौचनले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए ।




एसइई उत्तीर्ण विद्यार्थीका तर्फबाट योजना माझी, स्पन्दन गोर्खाली र प्रिन्सा अर्यालले मन्तव्य राखेका थिए । कार्यक्रममा भाइस प्रिन्सिपल इन्द्रकुमार श्रेष्ठले स्वागत मन्तव्य तथा शिक्षक विष्णुप्रसाद सुवेदीले सञ्चालन गरेका थिए ।

## अमरसिंहमा..

सम्मानपत्र प्रदान गरिएको थियो ।

यस्तै, ए प्लस ल्याउने ९८ जना, ए ५६ जना, बि प्लस २७ जना र बि ७ जना गरी १८८ जना उत्तीर्ण भएका हुन् ।

पोखरा-१२ का वडाध्यक्ष सन्तोष बास्तोलाको प्रमुख आतिथ्यमा भएको सम्मान समारोहको अध्यक्षता विद्यालयका अध्यक्ष कृष्णप्रसाद कोइरालाले गरेका थिए ।

कार्यक्रममा प्रधानाध्यापक बलराम पोखरेलले विद्यार्थीहरुलाई बधाई ज्ञापन गर्दै क्षमताअनुसार विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा संकायमा ११ कक्षामा अध्ययन गर्न विद्यालयको ढोका खुला रहेको बताए ।

सहायक प्रधानाध्यापक सुदीप आचार्यको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन एबी शाखा प्रमुख माधवराज घिमिरेले गरेका थिए ।

## मादी गाउँपालिका...

संकलन हुने अनुमान गरिएको छ । पालिकाले 'गाईभैंसी पकेट विकास कार्यक्रम' का लागि २५ लाख, 'किसानसँग साझेदारीमा कृषि प्रविधि हस्तान्तरण' का लागि १५ लाख र 'मौरी पकेट क्षेत्र' लाई निरन्तरता दिन ६ लाख रुपैयाँ विनियोजन गरेको छ ।

सामाजिक विकास क्षेत्रमा २८ करोड ४० लाख रुपैयाँ विनियोजन गरिएको छ । अधिकांश रकम शिक्षा र स्वास्थ्य क्षेत्रका कर्मचारीको तलबभत्तामा खर्च हुनेछ । पूर्वाधार विकासतर्फ १५ करोड ५० लाख, वडा कार्यालय, स्वास्थ्य संस्थाका भवन निर्माण तथा मर्मतका लागि २ करोड र संघीय तथा प्रदेश सरकारसँगको समपूरक अनुदानमा साझेदारी गर्न २ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

## कर्मचारी आवश्यकता

कुक - १ (रेसिडेन्टल)
कुक हेल्पर - १
डिस वासर - १
हाउसकिपिङ - १
अलराउन्डर - १
ट्याक्सी ड्राइभर - १
अनुभवीले मात्र

होटल साइलेन्टपिक
०६१-४५२८५७
०६१-४५१९७७

## विमालेख हरायो

मिति २०८२ जेठ ५ गते बसपार्कबाट लेकसाइड जाँदा एसिएन लाइफ इन्स्योरेन्सको निम्न व्यहोरा भएको मेरो विमालेख हराएको हुँदा भेटाउनुहुने महानुभावले निम्न सम्पर्कमा खबर गरिदिनुहोला ।
नाम : एन्जिला बराल
विमालेख नं. : ६५०९००००३४८
सम्पर्क : ९८४६०३९९२५

## सँधियारलाई ७ दिने सूचना

प्रकाशित मिति : २०८२।०३।१८ गते

पोखरा महानगरपालिका वडा नं.२५ पोखरीखेत बस्ने धनीकुमारी उपाध्यायको हकभोग तिरोभित्र एवम् निजको नाममा रहेको कित्ता नं. ५०१५, क्षेत्रफल १९०.७४ वर्गमिटरको जग्गामा घर निर्माण भएको र उक्त घर अभिलेखिकरण गर्नुपर्ने भएको सम्बन्धमा मिति २०८२।०३।०४ मा सूचना प्रकाशित गरी सम्बन्धित स्थलमा सूचना गरिएको र उक्त सूचना प्रकाशित भएका मितिले ७ दिन पश्चात् मिति २०८२।०३।१० मा उक्त जग्गाको साँध सँधियारासहितको स्थलगत सर्जमिन मुचुल्का गर्न खोज्दा सो घर निर्माणस्थलको जग्गाको पश्चिमतर्फ पर्ने कि.नं. २५३६ का सम्बन्धित जग्गाधनीसँग सम्पर्क हुन नसकेको हुदाँ सम्पर्कमा आउनका लागि पुन: यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यदि सम्पर्कमा नआएको खण्डमा नियमानुसार भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**पोखरा महानगरपालिका २५ नं. वडा कार्यालय पोखरा, कास्की**

## हार्दिक समवेदना

*इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ।*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥*

जन्म: वि.सं. २०००/०४/२०



देहावसान: वि.सं. २०८२/०३/०८

**स्व.डा. टुवराज शर्मा बास्तोला**

रामेश्वर मन्दिर फूलबारीका संस्थापक एवम् सल्लाहकार डा. टुवराज शर्मा बास्तोलाको ८२ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौं । आज ११ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवान् रामसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**वेदराज बास्तोला**
अध्यक्ष तथा
**रामेश्वर मन्दिर सञ्चालक समिति परिवार**
पोखरा-११, फूलबारी

## कर्मचारी आवश्यकता

यस संस्थामा निम्न अनुसारको कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य व्यक्तिले लिखित निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**
**पद:** कर्जा सहायक (अधिकृत चौथो श्रेणी) भविष्यमा प्रबन्धकको पद लिन सक्ने साथै पुरुषलाई प्राथमिकता दिइनेछ ।
**योग्यता :** स्नातक वा सो सरह ।
**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:**
१) रीतपूर्वकको निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता तथा कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपि ।
२) **छनौट विधि :** लिखित तथा मौखिक ।
३) **तलब :** संस्थाको नियमअनुसार वा आपसी समझदारीमा ।
४) **दरखास्त बुझाउनुपर्ने अन्तिम मिति :** २०८२ असार २० गते कार्यालय समयभित्र ।

**थप जानकारीका लागि**
**सिद्धार्थ गौतम बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१२, उपकारमार्ग
सम्पर्क : ०६१-५८१०१०, ९८२५११४५४५

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १८ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय जिरो कि.मि.बाट तपशिलमा उल्लेखित ऋणीले कृषि सहुलियत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **पि.सेभेन एग्रो फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : देवी कुमारी ठकुरी
दर्ता नं. : २६९१३५/०७८/०७९
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय — दर्ता मिति : २०७८/०५/०८
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला शुक्लागण्डकी न.पा. वडा नं. ११ — स्थायी लेखा नं. : ६१००६७६७९

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) नर बहादुर शाहीको छोरी हर्क बहादुर ठकुरीको बुहारी झलक बहादुर ठकुरीको पत्नी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० हाल, पोखरा म.न.पा. वडा नं. २ बस्ने **देवी कुमारी ठकुरी** (ना.प्र.नं. : १२१-२१९४-काठमाडौं, जारी मिति र जिल्ला : २०५४/०५/०४, कास्की)

२) हर्क बहादुर ठकुरीको नाति झलक बहादुर ठकुरीको छोरा कास्की जिल्ला लेखनाथ वडा नं. १२ हाल, पोखरा म.न.पा. वडा नं. २ बस्ने **देनिस बहादुर ठकुरी** (ना.प्र.नं. : ४६१००२/६४७८, जारी मिति र जिल्ला : २०६८/०६/३०, कास्की)

३) नुमान सिं गुरुङको छोरी झलक बहादुर ठकुरीको बुहारी देनिस बहादुर ठकुरीको पत्नी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० हाल, वडा नं. २ बस्ने **टिना ठकुरी** (ना.प्र.नं. : ४६-०२-७६-०२४३१, जारी मिति र जिल्ला : २०७६/११/०७, कास्की)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/१२/०७ को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०२/०४ को सौर्य राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
३) मिति २०८२/०२/२८ को आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| पि.सेभेन एग्रो फार्म प्रा.लि. | तनहुँ जिल्ला थामडांडा वडा नं. १ | १ झ | ८८ | १-३-०-० |
| | | | ९३ | ०-८-०-० |
| | | | ८६ | १-४-२-२ |
| | | | ८ | ०-३-१-३ |
| | | | ८९ | १-३-०-० |
| | | | ९० | ०-७-२-२ |
| | | | ९५ | ८-२-०-० |
| | | | ९७ | ८-२-०-० |
| | | | ८७ | १-३-०-० |
| | | | ९४ | ८-१-०-२ |
| | | | ९१ | ०-८-०-० |
| | | | ९६ | ८-२-०-० |
| | तनहुँ जिल्ला गुणादी वडा नं. ७ | ७ख | ६२९ | ३-८-०-० |
| | कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १८ | ०९४०९६११९ | ९७ | १३९.७२ (व.मि.) |
| कृष्ण भुजेल | कास्की जिल्ला पदेली वडा नं. ३ | ०९३०८७५ | १३५५ | ०-४-०-० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०३/२४ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय जिरो कि.मि. आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२५ गते बुधबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय जिरो कि.मि.मा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.२९, ठुलाखोर बाटो निर्माण गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।
**योजनाको नाम:** ठुलाखोर बाटो निर्माण
**उपभोक्ता समितिको नाम:** ठुलाखोर बाटो निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागत:** रु.२१,०४,९०३.३२
**सम्झौता मिति:** २०८२।०१।२२
**योजना सुरु मिति:** २०८२।०१।२५
**योजना सम्पन्न मिति:** २०८२/०३/१५
**बाटोको लम्बाई :** २८५ मिटर
**महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम:** रु.१४,००,०००.००
**उपभोक्ताबाट:** रु.७,०४,९०३.३२।-
**वास्तविक खर्च :** रु.२१,०४,९०३.३२
**उपभोक्ता समितिका पदाधिकारीहरु**
**अध्यक्ष:** तेजबहादुर खड्का
**उपाध्यक्ष:** विना सुवेदी
**सचिव:** लक्ष्मीकुमारी खत्री
**सहसचिव :** दिलीप वि.क.
**कोषाध्यक्ष:** नारायणी चापागाईं
**सदस्यहरु:** ३ महिला, ४ पुरुष

**अनुगमन समिति**
संयोजक
वीरबहादुर खत्री
सदस्यहरु
लक्ष्मी आचार्य
सुकमाया सुनार

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.२५, हेमजास्थित चौरासी नहर सिंचाई तथा बाढी व्यवस्थापन गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।
**योजनाको नाम:** चौरासी नहर सिंचाई तथा बाढी व्यवस्थापन कार्य
**उपभोक्ता समितिको नाम:** चौरासी नहर सिंचाई तथा बाढी व्यवस्थापन उपभोक्ता समिति, पोखरा-२५, हेमजा
**योजनाको कुल लागत:** रु.४७,०६,२४०।००
**सम्झौता मिति:** २०८१।१२।०६
**योजना सुरु मिति:** २०८१।१२।०७
**योजना सम्पन्न हुने मिति:** २०८२ जेठ १० सम्म
**योजना सम्पन्न भएको मिति:** २०८२।०३।१०
**महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम:** रु.४०,००,०००।-
**उपभोक्ताबाट:** रु.७,०६,२४०।-
**वास्तविक खर्च** रु.४७,४८,५८७।-
**उपभोक्ता समितिका पदाधिकारीहरु**
**अध्यक्ष:** खगेन्द्रबहादुर सापकोटा
**उपाध्यक्ष:** चिदानन्द त्रिपाठी
**सचिव:** कमलमणि त्रिपाठी
**कोषाध्यक्ष:** पवित्रा त्रिपाठी
**सदस्यहरु:** शिवलाल पौडेल, रमा त्रिपाठी, विष्णुकुमारी श्रेष्ठ, प्रकासचन्द्र सार्की र शिक्काराज कुँवर

**अनुगमन समिति**
**संयोजक**
श्रीराम त्रिपाठी
**सदस्य**
सरस्वती त्रिपाठी
रुद्रप्रसाद अधिकारी

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, सराङकोटस्थित सौरेखोला चौरपाखा मोटरबाटो निर्माण गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।
**योजनाको नाम:** सौरेखोला चौरपाखा मोटरबाटो
**उपभोक्ता समितिको नाम:** सौरेखोला चौरपाखा मोटरबाटो निर्माण समिति
**योजनाको कुल लागत:** रु.११,७६,७६०।१२
**सम्झौता मिति:** २०८२।०३।०९
**योजना सुरु मिति:** २०८२।०३।१०
**योजना सम्पन्न हुने मिति:** २०८२।०३।२२
**योजना सम्पन्न भएको मिति:** २०८२।०३।१७
**महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम:** रु.१०,००,०००।-
**जनसहभागिता:** रु.१,७६,४७०।५९
**जनसहभागिता (नगद) योगदान:** रु.२८९।५३
**जम्मा खर्च:** रु.११,७६,७६०।१२
**उपभोक्ता समितिका पदाधिकारीहरु**
**अध्यक्ष:** श्रीभद्र पौडेल
**उपाध्यक्ष:** संजिव अधिकारी
**सचिव:** मैया कुमारी भूर्तेल अधिकारी
**कोषाध्यक्ष:** इन्द्र बहादुर केसी
**सदस्यहरु:** शिवप्रसाद पौडेल, प्रजापति अधिकारी र गंगादेवी अधिकारी

**अनुगमन समिति**
**संयोजक**
सुनिल अधिकारी
**सदस्य**
हरिश्चन्द्र अधिकारी
नमराज सुवेदी
(वडा सदस्य)

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.२२, ढावागाउँ बौद्ध गुम्बा निर्माण गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।
**योजनाको नाम:** ढावागाउँ बौद्ध गुम्बा निर्माण
**उपभोक्ता समितिको नाम:** ढावागाउँ बौद्ध गुम्बा निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागत:** रु.१७,६४,२००।-
**सम्झौता मिति:** २०८२।०३।०२
**योजना सुरु मिति:** २०८२।०३।०३
**योजना सम्पन्न मिति:** २०८२/०३/१७
**बाटोको लम्बाई :** ३ कि.मि.
**महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम:** रु.१४,९९,०००।-
**उपभोक्ताबाट:** रु.२,६५,२००।-
**वास्तविक खर्च :** रु.१७,६४,२००।-
**उपभोक्ता समितिका पदाधिकारीहरु**
**अध्यक्ष:** बलबहादुर गुरुङ
**उपाध्यक्ष:** बुद्धिबहादुर गुरुङ
**सचिव:** शान्तबहादुर गुरुङ
**सहसचिव :** देउकुमारी गुरुङ
**कोषाध्यक्ष:** डिलमाया गुरुङ
**सदस्यहरु:** चिनकुमारी गुरुङ

**अनुगमन समिति**
राजकुमार गुरुङ
लोकबहादुर गुरुङ
होमबहादुर गुरुङ